नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
## सार्वजनिक निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखा
केसरमहल ,काठमाडौं

प.सं. :- ०८३/८४
च.नं. :- सा.नि.प.से.ख./२२७

मिति :- वि.सं. २०८३/०५/११
ने.स. :- ११४६ गुंलाथ्व,१४ बिहिवार

विषयः सूचना तथा जानकारी सम्बन्धमा ।

श्री सार्वजनिक निकाय,
सबै ।

सार्वजनिक खरिद (सोहौं संशोधन) नियमावली, २०८३ मिति २०८३।०५।०३ गते नेपाल राजपत्रमा प्रकाशित भइ प्रारम्भ भएको । उक्त नियमावलीमा उल्लेख भएका विषयमा यस कार्यालयबाट नमूना बोलपत्र सम्बन्धी कागजातहरू परिमार्जन गर्ने कार्य भइरहेको छ ।

अतः यस कार्यालयबाट नमूना बोलपत्र सम्बन्धी कागजात तयार भई जारी नभएसम्म सम्बन्धित सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजात तयार गर्दा तथा सार्वजनिक निकायबाट बोलपत्र आह्वान भइसकेको तर बोलपत्र दाखिला गर्ने म्याद बाँकी भएको खरिद कारबाहीको हकमा नियमावली बमोजिम परिमार्जन गरी खरिद सम्बन्धी काम कारबाही गर्न/गराउन हुन अनुरोध छ । साथै, यो सूचना जारी हुनु अगावै मूल्याङ्कन चरणमा रहेको खरिद कारबाहीहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (४), दफा २५ को उपदफा (५), (५ख) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (४) बमोजिम हुने यस कार्यालयको मिति २०८३।०५।११ गतेको (सचिवस्तर) निर्णयानुसार जानकारीको लागि अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Adwait Ram Bhandari
adwaitram.bhandari@nepal.gov.np

(अद्वैत राम भण्डारी)
इन्जिनियर, सार्वजनिक निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखा